# नरैनापुर गाउँपालिकाबाट जारी
# विज्ञप्ति

मिति २०८१ जेठ १३ गते यस नरैनापुर गाउँपालिकाको कार्यालयमा पेश हुन आएको ज्ञापन पत्र सम्बन्धमा यो विज्ञप्ति जारी गरिएको छ । ज्ञापन पत्रमा राखिएका जिज्ञासाहरुको प्रतिक्रिया स्वरुप देहायका जानकारीहरु विभिन्न प्रकरणहरुमा उल्लेख गरिएको छ ।

प्रकरण नं.१. विद्यालय व्यवस्थापन समिति सम्बन्धमा,

यस नरैनापुर गाउँपालिका, बाँकेअन्तर्गतका विद्यालय तथा मदरसाहरुको व्यवस्थापनका लागि तर्जुमा गरिएको गाउँपालिकाको शिक्षा ऐन, २०७४ को दफा १२ र शिक्षा नियमावली २०७४ को परिच्छेद ५ मा गरिएको प्रावधान बमोजिम श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, नरैनापुर-४, खोदावाँ, बाँकेमा विद्यालय व्यवस्थापन समितिको गठन भएको हो। विद्यालय व्यवस्थापन समिति गठन गर्नै पर्ने कानूनी बाध्यता बिच गाउँ शिक्षा समिति अस्तित्वमा नरहँदा शाखाले सम्बन्धित जनप्रतिनिधिहरुको सहमतिमा मिति २०८०।१२।२२ गतेको गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा नं. १, २, ३ र ४ का वडा अध्यक्ष ज्यूहरुको हस्ताक्षरित आदेश तथा निर्देशनानुसार उल्लिखित विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि बडेलाल विश्वकर्मा र दलित महिला सदस्यका लागि चेतका कुमारी पासीलाई चयन भएको हो।

प्रकरण नं.२. विद्यालयको विज्ञापन सम्बन्धमा,

श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, नरैनापुर-४, खोदावाँ, बाँकेमा प्राथमिक तह राहत कोटामा कार्यरत शिक्षक श्री कुलदीप कुमार तिवारी शिक्षक सेवा आयोगबाट सिफारिस भई निजको स्थान रिक्त हुन गएकोले सो रिक्त पदमा करार नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिले मिति २०८१।०१।०२ गते गरेको निर्णय, शिक्षा, युवा तथा खेलकुद शाखा, नरैनापुर गाउँपालिका, बाँकेको सिफारिस पत्र, शिक्षा विकास तथा समन्वय इकाई, बाँकेको च.नं.१०७५, मिति २०८१/०१/२० गतेको अनुमति पत्र, मिति २०८१।०१।२४ गतेको विद्यालय व्यवस्थापन समितिको निर्णय समेतका आधारमा मिति २०८१।०१।२४ गते गरिएको विज्ञापनको सूचना टाँस गर्न शिक्षा विकास तथा समन्वय इकाइ, बाँकेलाई मिति २०८१।०१।२४ गते नै पठाईएकोमा सोही मितिमा दर्ता (दर्ता नं.१०६३) भई दैनिक खबरी पत्रिकामा मिति २०८१।०१।२९ गतेको मितिमा विद्यालयको सो विज्ञापन प्रकाशित भएको देखिन्छ । विद्यालयमा विज्ञापन टाँस गरेको फोटो सहितको जानकारी पत्र शिक्षा, युवा तथा खेलकुद शाखा, नरैनापुर, बाँकेमा मिति २०८१।०१।२५ गते आइपुगी विज्ञापनका आधारमा दर्ता हुन आएका उम्मेदवारहरुलाई मिति २०८१।०२।०८ गतेको च.नं. ४३ बाट छनोट परीक्षा सञ्चालन हुने मिति, समय र स्थानको जानकारी दिएको थियो र परीक्षामा सम्मिलित हुने निकायहरुबाट प्रतिनिधिका लागि पत्राचारसमेत गरिएको थियो। स्वीकृत दरबन्दी, राहत अनुदान कोटा लगायतका संघीय अनुदान प्राप्त हुने दरबन्दीहरुमा शिक्षक नियुक्तिका लागि शिक्षा विकास तथा समन्वय इकाइले नै अनुमति दिने र विद्यालय व्यवस्थापन समितिको भूमिका नै मूख्य रहने व्यहोरा अवगत गराईन्छ ।

प्रकरण नं.३. शिक्षा अधिकृतलाई कारवाही स्वरुप सरुवा गर्नुपर्ने,

कारवाही गर्न कानून विपरीतको कार्य गरेको हुनुपर्ने र कानूनबमोजिम नै सजाय हुनुपर्ने सर्वविदितै छ । कानून विपरीत वा तोकिएको आचरण विपरित निजले कुनै कार्य गरेको प्रमणित भईनसेको, हाल स्थानीय सेवा ऐन आईनसकेको अवस्थामा प्रचलित निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली

२०५० को परिच्छेद-९ मा गरिएको सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था समेतमा सरुवा गर्ने व्यवस्था रहेको नदेखिएको र अन्तर पालिका सरुवा गर्ने अधिकार हाललाई गाउँ कार्यपालिकाको कार्यालयको क्षेत्राधिकार भित्र रहेको नदेखिएकोले निज शिक्षा अधिकृतलाई कारवाही स्वरुप सरुवा गरिरहनुपर्ने अवस्था देखिएन ।

प्रकरण नं.४. शिक्षक परीक्षामा संलग्न अन्य कर्मचारीलाई कारवाही गर्नुपर्ने,

शिक्षक परीक्षामा संलग्न अन्य कर्मचारीलाई कारवाही गर्न निजहरुले गरेको कसूर, अधिकारक्षेत्र, कानूनी आधार समेतलाई विचार गर्नुपर्ने हुन्छ । यी सम्पूर्ण पक्षहरुलाई विचार गर्दा निजहरुलाई कारवाही गर्ने अवस्था देखिन आएन ।

माथि उल्लिखित प्रकरणहरुमा उल्लेख गरिएका व्यहोराहरुबारे चित्त नबुझेमा विषयवस्तुसँग सम्बन्धित अन्य सरोकारवाला निकायहरु समक्ष कारवाहीका लागि अगाडि बढ्ने बाटो खुला नै हुने हुँदा सो सम्बन्धमा केही गरिरहनुपर्ने देखिन आउँदैन ।

मितिः- वि.सं.२०८१।०३।०४

ने.सं.११४४, तछलाथ्व ११.८, ६, मंगलबार